


# कसरी अझै स्वाभाविक रुपमा गवाही बाँढ्ने

*सेवा गर्नु भनेको प्रमाणित गर्नु हो । सेवाको लचकताले गवाही बाँढ्ने हाम्रा औपचारिक वा अनौपचारिक रुपले वृद्धि गर्छ ।*

हामीले करार गरेका छौँ "सबै समयहरुमा र सबै चीजहरुमा, र सबै स्थानहरुमा परमेश्वरका साक्षीका रुपमा खडा हुने छौँ" (मोसीयाह १८:९) । आफ्नो गवाही बाँढ्नु भनेको साक्षीका रुपमा खडा हुनुको एक अंश र पवित्र आत्मालाई कसैको हृदयलाई छुन अनि उनीहरुको जीवन परिवर्तन गर्न आमन्त्रण गर्ने प्रभावशाली तरिका हो ।

"बाह्र प्रेरित गणका कार्यवाहक अध्यक्ष एम. रसल बलार्डले भन्नुभयो, गवाही—वास्तविक गवाही, आत्माबाट जन्मिएको र पवित्र आत्माद्वारा पुष्टि गरिएको हुन्छ —जसले जीवन परिवर्तन गर्छ," ।[१]

तर हामी कसैका लागि आफ्नो गवाही बाँढ्नु डर अथवा अप्ठ्यारो लाग्ने हुन सक्छ । यो हुन सक्छ किनभने हामी सोच्छौं कि गवाही बाँढ्नु भनेको उपवास र गवाहीको सभामा अथवा कुनै पाठ पढाउँदा हामीले गर्ने विषय जस्तै हो । यी औपचारिक ढाँचाहरुमा हामी प्रायजसो त्यस्ता शब्दहरु र वाक्यांशहरु प्रयोग गर्छौं जसको स्वाभाविक वार्तालापमा ठाउँ हुदैन ।

जति नै सामान्य भए तापनि दैनिक रुपमा हामीले विश्वास गर्ने कुराहरूलाई गवाही बाँढ्ने कुरा हाम्रो र अरुको जीवनमा नियमित आशीष बन्न सक्छ । सुरुवात गर्नका लागि यहाँ केही विचारहरु छन् ।

### यसलाई सरल बनाउनुहोस्

वाक्यांशबाट गवाहीको सुरुवात गर्नु पर्दैन, "म आफ्नो गवाही व्यक्त गर्न चाहन्छु," र "येशू ख्रीष्टको नाममा, आमीन" भनेर अन्त गर्नु पर्दैन । हामीले थाहा पाएका र विश्वास गर्ने सत्य चीजहरूको अभिव्यक्ति नै गवाही हो। त्यसैले बाटोमा समस्यामा परेका तपाईंका छिमेकिलाई भेट्दा, "मलाई थाहा छ कि परमप्रभुले प्रार्थनाको जवाफ दिनुहुन्छ," भन्नु, चर्चको मञ्चबाट दिइएको गवाही जत्तिकै प्रभावशाली हुन्छ । बनावटी भाषाबाट प्रभाव आउँदैन; यो पवित्र आत्माको सत्यताको पुष्टिबाट आउँछ (सिद्धान्त र करार १००: ७-८ हेर्नुहोस्) ।

### स्वभाविक वार्तालापको प्रवाहलाई मिलाउनुहोस्

- यदि हामीले बाँढ्न चाह्यौं भने हरेक दिनका वार्तालापहरूमा हाम्रा वरिपरि हाम्रा गवाहीसँग मिल्ने धेरै अवसरहरू छन्। उदाहरणका लागि:
- कसैले तपाईंलाई तपाईंको सप्ताहान्तका बारेमा सोध्यो । "राम्रो थियो," तपाई जवाफ दिनुहुन्छ । "मलाई चाहिएको चीज नै चर्च थियो ।"
- कसैले तपाईंको जीवनको दु:खका बारेमा थाहा पाए पछि सहानुभूति दिएमा: "मलाई माफ गर्नुहोस्।" तपाईं जवाफ दिनुहुन्छ: " तपाईंको चासोका लागि धन्यवाद । मलाई थाहा छ कि परमप्रभुले मेरो हेरचाह गर्नुहुन्छ । उहाँ मेरो लागि अगाडि पनि हुनुहुन्थ्यो ।"
- कसैले भन्ला: "म चाहन्छु कि यो भयानक मौसम चाँडै बदलियोस्," अथवा "बस पकै ढिला हुन्छ," अथवा "हेरन यो गाडीको भिड ।" तपाईंले जवाफ दिन सक्नुहुन्छ: "मलाई थाहा छ परमप्रभुले सबै कुरा मिलाउनु हुन्छ।"

**आफ्ना अनुभव बाँढ्नुहोस्**

हामी प्राय एक अर्कासँग आफ्ना समस्याहरुका बारेमा कुरा गर्छौं। जब कसैले तपाईंलाई उनीहरुले के भोगिरहेका छन् भनेर बताउँछन्, तपाईंले आफ्ना परीक्षाका समयमा परमप्रभुले सहयोग गर्नु भएको समयलाई बाँढ्नुहोस् र गवाही दिनुहोस् कि उहाँले उनीहरुको पनि सहयोग गर्नुहुनेछ। परमप्रभुले भन्नुभयो उहाँले हाम्रो परीक्षामा हामीलाई मजबुत बनाउनुहुन्छ ताकि "तिमीहरु यसपछि मेरो लागि साक्षीका रुपमा खडा होओ, र तिमीहरुले निश्चितताका साथ जान्न सक कि म, परमप्रभु परमेश्वर, मेरा जनलाई उनीहरुका कष्टमा भेट्दछु" (मोसीयाह २४:१४)। जब हामीले हाम्रा परीक्षाका समयमा उहाँले हामीलाई कसरी सहयोग गर्नुभयो भनेर गवाही दिन्छौं हामी उहाँका साक्षीको रुपमा उभिन सक्छौं।

**तयार रहनुहोस्**

हामी कसैका लागि, आकस्मिक गवाही बाँढ्न डरलाग्दो हुन सक्छ। हामीले अग्रिम योजना बनाउने तरिकाहरु छन् र "हरेक मानिस जसले हामीसँग हामीमा भएको आशाको कारण सोध्दा जवाफ दिन सधैं तत्पर रहनु हो" (१ पत्रुस ३:१५)।

पहिलो, तयार रहनुको अर्थ हामी कसरी जिउछौँ भनेर हेर्नु हुन सक्छ। के हामीले पवित्र जीवन मार्फत पवित्र आत्मालाई हाम्रो जीवनमा आमन्त्रण गरिरहेका छौँ र आफ्ना गवाहीहरुलाई हरेक दिन मजबुत बनाइरहेका छौँ? के हामीले आत्मालाई हामीसँग बोल्न र हामीलाई प्रार्थना र धर्मशास्त्र मार्फत आफुलाई चाहिने वचनहरु दिने अवसरहरु दिइरहेका छौँ? जसरी परमप्रभुले हाईरम स्मिथलाई सल्लाह दिनुभएको थियो, "मेरो शब्द घोषणा गर्न नखोज, तर पहिला मेरो शब्द प्राप्त गर्न खोज, र तिम्रो जिब्रोलाई खुकुलो बनाइने छ" (सिद्धान्त र करार ११:२१)

दोस्रो, तयार रहनुको अर्थ अगाडि हेर्नु र त्यस दिन अथवा त्यो हप्ता तपाईंसँग हुन सक्ने गवाही बाँढ्न अवसरको मनन गर्नु हुन सक्छ। तपाईंले विश्वाश गर्ने कुराहरू बाँढ्नका लागि तिनीहरूले कसरी तपाईंलाई अवसर दिन सक्छन् भन्ने अवसरका लागि तपाईं तयारी गर्न सक्नुहुन्छ।

**मुक्तिदाता र उहाँका सिद्धान्तमा केन्द्रित रहनुहोस्**

अध्यक्ष बलार्डले सिकाउनुभयो, "चर्चको सदस्यका रुपमा हामीले धेरै कुराहरूमा गवाहीहरू प्राप्त गर्न सक्ने भए तापनि हामीले एकआर्कालाई निरन्तर रुपमा सिकाउनु पर्ने आधारभूत सत्यहरू
छन्।' ' उदाहरणका रुपमा, उहाँले उल्लेख गर्नुभयो: "परमेश्वर हाम्रो पिता हुनुहुन्छ र येशू नै ख्रीष्ट हुनुहुन्छ। मुक्तिको योजना मुक्तिदाताको प्रायश्चित्तमा केन्द्रित छ। जोसेफ स्मिथले येशू ख्रीष्टको अनन्त सुसमाचारको पूर्णताको पूर्नस्थापना गर्नुभयो, र मोर्मोनको पुस्तक प्रमाण हो कि हाम्रो गवाही सत्य छ" जब हामी हृदय छुने ती सत्यहरू ब्यक्त गर्छौं, हामी आत्मालाई साक्षी व्यक्त गर्न आमन्त्रण गर्छौं कि हामीले जे भनेका छौँ सत्य हो। अध्यक्ष बलार्डले जोड दिनुभयो कि "ख्रीष्टको विशुद्ध गवाही प्राप्त हुँदा आत्मालाई नियन्त्रण गर्न सकिँदै।" [२]

**मुक्तिदाताको उदाहरण**

समारियाको यात्राबाट थकित, मुक्तिदाता इनारमा आरामको लागि रोकिनुभयो र एउटी महिलालाई भेट्नुभयो। उहाँले इनारबाट पानी तान्नेबारेको वार्तालाप सुरु गर्नुभयो। हरेक दिन गरिने कार्यमा संलग्न महिलाको उदहारण दिएर येशूले जीवित पानीका बारेमा प्रमाणित गर्ने अवसर दिनुभयो र उहाँमा विश्वाश गर्नेले अनन्त जीवन प्राप्त हुने कुरा बताउनुभयो (युहन्ना ४:१३-१५,२५-२६ हेर्नुहोस्)।

**साधारण गवाहीले जीवन परिवर्तन गर्न सक्छ**

एक कठिन शल्यक्रिया पश्चात डा. नेल्सनलाई प्रश्न सोध्ने एउटी नर्सका बारेमा अध्यक्ष रसल एम नेल्सनले बताउनुभयो। "तपाई किन अरु सर्जनहरु जस्तो हुनुहुन्न?" तीब्र चापमा क्रियाकलापहरू पूरा गर्दा उहाँले चिनेका केही त्यस्ता सर्जनहरु रिसाहा र कुलशित हुन सक्थ्ये।

डा. नेल्सनले अन्य असङ्ख्य तरिकाहरुबाट उत्तर दिन सक्नुहुन्थ्यो। तर उहाँले सरल जवाफ दिनुभयो, "किनकि मलाई थाहा छ मोर्मोनको पुस्तक सत्य छ।"

उहाँको उत्तरले ती नर्सलाई र उनको श्रीमानलाई मोर्मोनको पुस्तक पढ्न उत्साहित बनायो। अध्यक्ष नेल्सनले पछि ती नर्सलाई बप्तिस्मा दिनुभयो। दशकौं पछि, नव नियुक्त प्रेरितका रुपमा यू एस ए, टेनेसीको किला सम्मेलनमा अध्यक्षता गर्दै गर्दा, अध्यक्ष नेल्सनले सोही नर्ससँगको अनपेक्षित पूनर्मिलनमा रमाउनुभयो। उहाँ प्रतिको सरल गवाही र मोर्मोनको पुस्तकको प्रभावका कारण भएको उहाँको परिवर्तनले थप ८० जनाको परिवर्तनलाई अगुवा गरायो।

**कार्य गर्नका लागि आमन्त्रण**

तपाईंको गवाही बाँढ्न नडराउनुहोस्। यसले तपाइले सेवा गर्नेहरुलाई आशीषित गर्न सक्छ। तपाईले यी अवधारणाहरु वा तपाईका आफ्नै अवधारणाहरुलाई आज आफ्नो गवाही बाँढ्न कसरी प्रयोग गर्नुहुन्छ?

"सेवाका सिद्धान्तहरु" लेखहरुको अभिप्राय हामीलाई एक अर्कालाई सहयोग गर्न सिकाउनका लागि हो – भेट गर्न जाँदा सन्देशका रुपमा बाँढ्नका लागि होइन। जब हामीले आफुले सेवा गर्नेहरुलाई चिन्दै जान्छौँ, हाम्रो स्याहार र दयाका अलवा उनीहरुलाई के सन्देश चाहिन्छ भन्ने बारे थाहा पाउन पवित्र आत्माले हामीलाई प्रेरणा दिनुहुन्छ।

**तपाईका अनुभबहरु बाँढ्नुहोस**

तपाईले अरुको वा अरुले तपाईको सेवा गरिसकेपछि तपाईका अनुभवहरु हामीलाई पठाउनुहोस। liahona.lds.orgमा जानुहोस र क्लिक गर्नुहोस् "लेख अथवा प्रतिक्रिया पठाउनुस।"

**सूचनाहरू**

१ एम रासल बलार्ड , “Pure Testimony,” Liahona, नोभेम्बर, २००४, ४०।

२ एम रासल बलार्ड, “Pure Testimony,” ४१।

३ जेसन स्वेनसन मा, "मोर्मोनको पुस्तकको उपयोग गरेर तपाईंको गवाही बताउन तयार हुनुहोस्।" Church News section of LDS.org, फेब्रुवरी ६, २०१८, news.lds.org.

© 2019 by Intellectual Reserve, Inc. All rights reserved. यू एस ए मा मुद्रित। अङ्ग्रेजी अनुमोदन: ६/१८ अनुवाद अनुमोदन: ६/१८
*Ministering Principles, March 2019* को अनुवाद. Nepali. 15764 372